# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, मङ्सिर २४ गते २०३१साल [ अतिरिक्ताङ्क १५(ख)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको

### सूचना

**नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान नियमहरू, २०३१**

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान अध्यादेश, २०३० को दफा २२ ले दिएको अधिकार प्रयोग गरी प्रज्ञा-परिषद्ले बनाएका यी नियमहरूमा श्री ५ महाराजाधिराजबाट स्वीकृतिबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान नियम, २०३१" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा—

(क) "अध्यादेश" भन्नाले नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान अध्यादेश, २०३० सम्झनुपर्छ।

(ख) "प्रज्ञा-प्रतिष्ठान" भन्नाले नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान सम्झनुपर्छ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "प्राज्ञ-परिषद्" भन्नाले ऐन अनुसार गठन भएको प्राज्ञ-परिषद्लाई सम्झनुपर्छ ।

(घ) "सदस्य" भन्नाले कुलपति, उप-कुलपति समेत प्राज्ञ-परिषद्का सदस्यहरूलाई सम्झनुपर्छ ।

(ङ) "विभाग" भन्नाले प्रज्ञा-प्रतिष्ठानको विभाग सम्झनुपर्छ ।

(च) "कोष" भन्नाले नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको कोष सम्झनुपर्छ ।

३. प्राज्ञ-परिषद्को बैठकः–

(क) प्राज्ञ-परिषद्को बैठक साधारणतया महीनाको एक पटक बस्नेछ ।

(ख) प्राज्ञ-परिषद्का ३ सदस्यहरूले बैठक बोलाउन कुलपति समक्ष लिखित रूपमा अनुरोध गरेमा कुलपतिले प्राज्ञ-परिषद्को बैठक बोलाउनेछ ।

(ग) प्राज्ञ-परिषद्को बैठक बोलाउन कम्तीमा ३ दिनअगाडि बैठक बस्ने सूचना सदस्यहरूलाई पठाउनु पर्नेछ ।

तर– अपर्झट परेमा कुलपतिले २४ घण्टाअगाडि कारण खुलाई सूचना दिई बैठक बोलाउन सक्नेछ ।

(घ) कुनै विषयलाई कार्यसूचीमा समावेश गर्न चाहनु हुने सदस्यले त्यसको लिखित सूचना ४८ घण्टा अगावै कुलपति समक्ष पठाउनु पर्नेछ र कुलपतिले कार्यसूचीमा समावेश गर्न लगाउनुपर्छ ।

४. प्राज्ञ-परिषद्को बैठकको कार्यविधिः–

(क) प्राज्ञ-परिषद्को बैठक कुलपतिले तोकेबमोजिम बस्नेछ । कुलपतिको अनुपस्थितिमा सो कार्य उप-कुलपतिबाट हुनेछ ।

(ख) उप-कुलपतिको पनि अनुपस्थितिमा प्राज्ञ-परिषद्का उमेरले सबैभन्दा जेठो सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(ग) प्राज्ञ-परिषद्को कार्यपूरक संख्या सम्पूर्ण सदस्यताको दुई तिहाई हुनेछ । कार्यपूरक संख्याको अभावमा स्थगित भई फेरी बोलाइएको बैठकमा कार्यपूरक संख्याको आवश्यकता पर्ने छैन । तर कुलपति, उप-कुलपति र सदस्य-सचिवमध्ये एकको उपस्थिति अनिवार्य हुनेछ ।

(घ) कुनै खास कार्यको लागि आवश्यक देखिएमा प्राज्ञ-परिषद्को निर्णयद्वारा बढीमा तीन विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न सकिन्छ । यस्ता आमन्त्रित व्यक्तिहरूले परिषद्को छलफलमा भागलिन पाउनेछन् तर मतदानमा भाग लिन पाउने छैनन् ।

(ङ) बैठकको निर्णय बहुमतले हुनेछ र मत विभाजन बराबर भएमा निर्णायक मत बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रयोग गर्नेछ । तर कुनै सदस्यले मतभेदको

282

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारण स्पष्ट लेखी बैठकको निर्णयमा संलग्न गराउन सक्नेछ ।

(च) नियम बनाउन, संशोधन गर्ने कुल सदस्य संख्याको दुई तिहाई बहुमत आवश्यक हुनेछ । नियम तथा नियम संशोधनसम्बन्धी निर्णय संरक्षकबाट स्वीकृति प्राप्त भएपछि मात्र लागू हुनेछ ।

(छ) बैठकमा उपस्थित भएका व्यक्तिहरूको उपस्थिति लेखिनु पर्नेछ र बैठकका निर्णयहरू निर्णय पुस्तिकामा राख्नु पर्नेछ ।

(ज) प्रत्येक बैठकको एक प्रति निर्णय सदस्यहरूकहाँ पठाउनु पर्नेछ ।

५. कुलपतिको काम, कर्तव्य तथा अधिकारः—

(क) कुलपतिले प्राज्ञ-परिषद्को बैठकको अध्यक्षता गर्नेछ ।

(ख) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको उद्देश्य अनुरूप प्रज्ञा-प्रतिष्ठानको सर्वाङ्गीण विकासमा सदा प्रयत्नशील रही सम्पूर्ण क्रियाकलापको रेखदेख तथा नियन्त्रण गर्नेछ ।

(ग) प्रज्ञा-प्रतिष्ठानसंग सम्बन्धित संघ-संस्थाहरूका बीच आवश्यक समन्वयको कार्य गर्नेछ ।

(घ) सम्बन्धित विषयमा वर्षको दुई वटा अनुसन्धानात्मक प्रवचन लिखित रूपमा दिनु पर्नेछ ।

६. उप–कुलपतिको काम, कर्तव्य तथा अधिकारः—

(क) उप–कुलपतिले प्रज्ञा–प्रतिष्ठानको क्रियाकलाप तथा प्रशासनमा सामान्य रेखदेख र नियन्त्रण राख्नेछ ।

(ख) योजना कार्यको मूल्याङ्कन ६।६ महीनामा गरी प्राज्ञ–परिषद्लाई अवगत गराउनेछ ।

(ग) सदस्यहरूले ६।६ महीनामा प्रस्तुत गर्ने प्रतिवेदन, बेलाबेलामा दिनु पर्ने लिखित प्रवचन दिए नदिएको र आ–आफ्नो क्षेत्रमा भए गरेका कार्यको मूल्याङ्कन, रेखदेख र नियन्त्रण गर्ने काम उप–कुलपतिको हुनेछ ।

(घ) कुलपतिको अनुपस्थितिमा कुलपतिको कार्यभार उप–कुलपतिले सम्हाल्नेछ ।

(ङ) सम्बन्धित विषयमा वर्षको दुई वटा अनुसन्धानात्मक प्रवचन लिखित रूपमा दिनु पर्नेछ ।

७. सदस्यहरूको काम, कर्तव्य तथा अधिकारः—

(क) प्राज्ञ–परिषद्का सदस्यहरूले आ–आफ्नो क्षेत्रमा भए गरेका प्रगतिको ६।६ महीनामा प्रतिवेदन कुलपति मार्फत नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानलाई दिनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आफ्ना आफ्ना क्षेत्रमा पर्ने अनुसन्धान अन्वेषणको कार्यमा आवश्यक सहयोग गर्ने ।

(ग) प्राज्ञ-परिषद्का सदस्यहरूले आफ्ना आफ्ना क्षेत्रसंग सम्बन्धित कुनै विषयमा प्रत्येक ३।३ महीनामा एक लिखित प्रवचन दिनेछन् ।
उपरोक्त लिखित प्रवचन अनुसन्धानात्मक एवं खोजपूर्ण हुनु पर्नेछ ।

(घ) प्रज्ञा-प्रतिष्ठानको सर्वाङ्गीण विकासमा कुलपति तथा उप-कुलपतिको निर्देशन तथा नियन्त्रणमा रही सहयोग गर्ने ।

(ङ) आफ्नो सम्बन्धित विषयमा आवश्यक निर्देशन र सहयोग दिने ।

८. सचिवको काम, कर्तव्य तथा अधिकारः–

(क) कुलपति तथा उप-कुलपतिको सामान्य रेखदेख तथा नियन्त्रणमा रही प्रज्ञा-प्रतिष्ठानको प्रशासनको सम्पूर्ण जिम्मेवारी वहन गरी मुख्य प्रशासक र नियन्त्रणको रूपमा काम गर्ने ।

(ख) प्रज्ञा-प्रतिष्ठानको सम्पत्तिको संरक्षण, संभार, मर्मत तथा हेरचाह गर्ने र प्रज्ञा-प्रतिष्ठानको सम्पूर्ण जिन्सी लगत राख्न लगाउने ।

(ग) प्रज्ञा-प्रतिष्ठानको कार्य सम्पादन सुचारुरूपले चलाउनलाई आफू मुनिका अधिकृतहरूलाई आफ्नु प्रशासकीय अधिकारहरू प्रत्यायोजन गर्न सक्नेछ ।

(घ) प्राज्ञ सभा, प्रज्ञा-परिषद्, समन्वय समिति र सेवा आयोगको सदस्य-सचिव भई काम गर्ने, बैठकको निर्णयहरू निर्णय पुस्तिकामा लेखी राख्ने र आवश्यक अन्य काम गर्नेछ ।

(ङ) प्रज्ञा-प्रतिष्ठानको वार्षिक आम्दानी-खर्चको बजेट तयारी पारी प्रज्ञा-परिषद्को बैठकमा पेश गर्ने ।

(च) सदस्य तथा कर्मचारीहरूको लाग्ने आयकर कटाउन लगाउने ।

(छ) प्रज्ञा-प्रतिष्ठानको प्रत्येक निर्णय र आदेश प्रमाणित गर्ने ।

(ज) वर्षको १ पटक सम्बन्धित विषयमा अनुसन्धानात्मक प्रवचन लिखित रूपमा दिने ।

९. लिखित प्रवचनको आयोजना गर्दा कमसेकम ७ दिनको अग्रिम सूचना सम्बन्धित विषयमा अभिरुचि भएका व्यक्तिहरू, सर्वसाधारण र प्रेसको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ ।

१०. सदस्यहरूले गर्न नहुने कामः–

(क) कुनै पनि सदस्यले प्रज्ञा-प्रतिष्ठानको काम तथा कर्तव्य पालनको सिलसिलामा कुनै अशोभनीय काम गर्न तथा त्यस्तो उद्योग समेत गर्न हुंदैन ।

(ख) कुनै सदस्यले प्रज्ञा-प्रतिष्ठानको कुनै काम तथा कर्तव्यको सिलसिलामा वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रज्ञा–प्रतिष्ठानको प्रभावको दुरूपयोग गरी त्यसको आधारमा व्यावसायिकता–मा संलग्न वा अवाञ्छित लाभ उठाउन वा सो कुराको उपयोग गर्न तथा उद्योग गर्न समेत हुंदैन ।

(ग) कुनै पनि सदस्यले प्रज्ञा–प्रतिष्ठान वा आफ्नो ओहदाको प्रतिष्ठामा आघात पुग्ने काम–कारवाई तथा आचरण गर्नु हुंदैन ।

(घ) उप–नियम १ को (क), (ख) र (ग) को प्रतिकूल हुने कारवाई खराब आचरणमै गनिनेछन् ।

(ङ) आचरणसम्बन्धी उपरोक्त नियमहरू आजीवन तथा मानार्थ सदस्यहरूलाई पनि लागू हुनेछ ।

११. पारिश्रमिकः–

(क) प्रज्ञ-परिषद्का सदस्यहरूको मासिक पारिश्रमिक देहायबमोजिम हुनेछ–

| | |
|---|---|
| क. कुलपतिको | रू. १७००।– (सत्र सय) |
| ख. उप-कुलपतिको | रू. १५००।– (पन्ध्र सय) |
| ग. सदस्यको | रू. १२००।– (बाह्र सय) |
| घ. सदस्य-सचिवको | रू. १२००।– (बाह्र सय) |

र भत्ता रू. १००।– (एक सय) समेत ।

(ख) उप-नियम (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रज्ञा-प्रतिष्ठानका संरक्षकबाट समय समयमा आवश्यकतानुसार पारिश्रमिकमा थप गर्न सकि-बक्सनेछ ।

१२. समन्वय समितिको काम, कर्तव्य तथा अधिकारः–

(क) समन्वय समितिको बैठक अध्यक्षको आदेशानुसार बस्नेछ ।

(ख) समितिको कार्यपूरक संख्या दुई तिहाई हुनेछ र निर्णय उपस्थित संख्याको बहुमतद्वारा हुनेछ । मत बराबर भएमा अध्यक्षलाई निर्णायक मत दिने अधिकार हुनेछ ।

(ग) समितिद्वारा भएको समन्वयात्मक कार्यको बेहोरा संरक्षक समक्ष प्रस्तुत हुने नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको वार्षिक प्रतिवेदनमा समावेश गरिनु पर्नेछ ।

(घ) समितिद्वारा भएका निर्णयहरू पुस्तिकामा लेखिनु पर्नेछ ।

(ङ) कार्यविधिसम्बन्धी अरू नियमहरूको आवश्यकता परेमा सो समितिद्वारा बनाई लागू गर्न सकिनेछ ।

२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान सेवा आयोगको कार्यविधिः-

(क) सेवा आयोगको बैठक अध्यक्षको आदेशानुसार बस्नेछ ।

(ख) सेवा आयोगबाट हुने निर्णयहरू बहुमतद्वारा पारित हुनेछन् । तर, मतसंख्या बराबर भएमा निर्णायक मत अध्यक्षले दिनेछ ।

(ग) निर्णयहरू निर्णय पुस्तिकामा लेखिनु पर्नेछ ।

(घ) सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूले प्राज्ञ-परिषद्ले तोकेबमोजिमको भत्ता पाउनेछन् ।

(ङ) सेवा आयोगको कार्यविधि एवं कार्य सञ्चालनलाई आवश्यक विनियम सेवा आयोगले बनाउन सक्नेछ ।

१४. सेवा आयोगको कर्तव्य र अधिकारः- (१) प्रज्ञा-प्रतिष्ठानका कर्मचारीहरूको नियुक्ति र बढुवाको लागि सिफारिश गर्नेछ ।

(२) अधिकृत कर्मचारीहरूलाई सेवाबाट हटाउनु परेमा सेवा आयोगको राय लिनु पर्नेछ ।

१५. कर्मचारीसम्बन्धी व्यवस्था :- नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका कर्मचारीहरूको सेवा, शर्त इत्यादिको व्यवस्था छुट्टै नियमद्वारा हुनेछ ।

१६. आर्थिक कार्य प्रणाली :- नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको आर्थिक कार्य प्रणाली छुट्टै नियमद्वारा तोकिएबमोजिम हुनेछ ।

१७. दैनिक तथा भ्रमण भत्ताः- नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्य एवं कर्मचारी समेतको दैनिक र भ्रमण भत्ताको व्यवस्था नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान दैनिक तथा भ्रमण भत्ता नियमहरू, २०३१ बमोजिम हुनेछ ।

१८. बिदाः- (१) उप-कुलपतिले कुलपतिबाट अन्य सदस्यहरूले उप-कुलपतिबाट स्वीकृत भएबमोजिम प्रत्येक सदस्यले एकै पटक वा पटक पटक गरी वर्ष १ मा ६० दिनसम्मको तलबी बिदा पाउन सक्नेछ ।

(२) कुलपतिले प्रज्ञा-प्रतिष्ठानको काममा बाधा नपर्ने गरी कामको प्रबन्ध मिलाई वर्ष १ मा ३० (तीस) दिन तलबी बिदा स्वयं आफैले लिन सक्नेछ तर सोभन्दा बढी बिदा लिनु परेमा संरक्षकको स्वीकृति लिनु पर्नेछ ।

१९. लेखकस्व (रायल्टी) र प्रकाशन अनुदानः- (१) कसैले आफ्नो श्रम र साधनद्वारा लेखेको कुनै रचना वा ग्रन्थ प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित गरिएमा सो रचना वा ग्रन्थको निर्धारित मूल्यको २५ प्रतिशत लेखकस्व (रायल्टी) सो व्यक्तिलाई निजको र प्रज्ञा-प्रतिष्ठानको बीचमा भएको कबूलियत अनुसार प्रज्ञा-प्रतिष्ठानले दिनेछ ।

२४६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रज्ञा–प्रतिष्ठानको पूँजी, साधन, श्रम वा प्रज्ञा–प्रतिष्ठानका कर्मचारीको सेवा समेतको उपयोग गरी प्रज्ञा–प्रतिष्ठानको प्रबन्धमा विशेष अनुसन्धान तथा खोजी गरी तयार भए गरेको कुनै पनि रचना वा ग्रन्थमा दिइने लेखकस्व (रायल्टी) १५ (पन्ध्र) प्रतिशत हुनेछ ।

(३) प्रज्ञा–प्रतिष्ठानका तर्फबाट अनुवाद, संकलन वा सम्पादन गर्ने काममा नियुक्ति भएको प्रज्ञा–प्रतिष्ठानको कुनै वैतनिक कर्मचारीद्वारा त्यसरी तयार भएको रचनामा सो कर्मचारीले कुनै किसिमको लेखकस्व (रायल्टी) पाउने छैन ।

(४) कुनै रचना वा कृतिको प्रकाशन, बिक्री तथा वितरणको सर्वाधिकार र कबूलियत अनुसार पारिश्रमिक दिएर प्रज्ञा–प्रतिष्ठानले लेखकबाट खरीद गर्न सक्नेछ । यस्ता सर्वाधिकार प्राप्त रचनामा कबूलियत शर्त अनुसार कुनै लेखकस्व (रायल्टी) दिनु पर्दैन ।

(५) अत्यधिक आवश्यकता परेका ग्रन्थ योग्य लेखकबाट लेखाउन वा अनुवाद गराउन पर्दा विशेष पुरस्कार दिएर पनि लेखाउन वा अनुवाद गराउन सकिनेछ । तर त्यसको लेखकस्व (रायल्टी) प्रथम संस्करणको लागि लेखकहरूलाई दिइने छैन ।

(६) प्रकाशनका लागि प्राप्त पुस्तक–पुस्तिकाहरूको छानबिन गरी तत्सम्बन्धमा निर्णय गर्न प्राज्ञ–परिषद्ले एउटा छुट्टै उप–समितिको गठन गर्नेछ । प्रकाशनसम्बन्धी निर्णय गर्दा प्राप्त हुन आएका पुस्तक–पुस्तिकाहरूलाई देहायका ३ श्रेणीमा विभाजित गरी सोहीबमोजिम कारवाई गरिनेछ ।

क. उत्तम ठहरिएका पुस्तक–पुस्तिकाहरू नियमबमोजिमको लेखकस्व (रायल्टी) शर्त प्रदान गरी प्रज्ञा–प्रतिष्ठानले प्रकाशन गर्ने ।

ख. मध्यम ठहरिएका पुस्तक–पुस्तिकाहरू प्रकाशनको निमित्त आवेदकलाई मुद्रणको निमित्त लाग्ने खर्चको यथोचित अंश अनुदानको रूपमा दिने ।

ग. प्रकाशनका लागि योग्य नठहरिएका पुस्तक-पुस्तिकाहरू आवेदकलाई फिर्ता दिने ।

२०. आर्थिक सहायताः– (१) भाषा, साहित्य, कला, संस्कृति, ज्ञान–विज्ञानका क्षेत्रमा योगदान दिने व्यक्ति वा संस्थालाई प्राज्ञ–परिषद्को निर्णयले आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

(२) रु. ५००।– भन्दा मुनिको रकम कुलपतिले आफैले हेरी प्रदान गर्न सक्नेछ तर त्यसको समर्थन प्राज्ञ–परिषद्बाट गराउनुपर्छ ।

(३) आर्थिक सहायता दिंदा कुन आधारमा दिने सो बारे नीति निर्धारण प्राज्ञ–परिषद्ले गर्नेछ ।

२१. विद्वत्वृत्तिः– (१) नेपाली भाषा, साहित्य, कला, संस्कृति, ज्ञान–विज्ञानको क्षेत्रमा अनुसन्धान अन्वेषण गर्ने कार्यका लागि बढीमा दशवटा विद्वत्वृत्ति प्रदान गरिनेछ । यस्तो विद्वत्वृत्ति एक व्यक्तिलाई एक वर्षको लागि दिइनेछ र आवश्यक परेमा अर्को एक वर्षसम्मको लागि थप गर्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रदान गरिने विद्वत्वृत्तिका संख्या र विषय खुलाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले उम्मेदवारको आवेदनको लागि विज्ञापन गर्नेछ ।

(३) नेपाली तथा विदेशी नागरिकले यो विद्वत्वृत्ति प्राप्त गर्न सक्नेछ ।

तर–

क. विद्वत्वृत्ति प्राप्त गरिसकेको व्यक्तिलाई निजले पाएको विद्वत्वृत्तिको अवधि समाप्त भएको मितिले चार वर्ष नपुगेसम्म अर्को विद्वत्वृत्ति प्रदान गरिने छैन ।

(४) विद्वत्वृत्ति पाएका व्यक्तिले आफूले गरेका कार्यको लिखित प्रतिवेदन प्रत्येक ३ महीनामा उप-कुलपति मार्फत प्राज्ञ-परिषद्मा पेश गर्नु पर्नेछ। यस सम्बन्धमा प्राज्ञ-परिषद्को कुनै निर्देशन भए विद्वत्वृत्ति पाउने व्यक्तिले त्यसको पालना गर्नु पर्नेछ ।

(५) विद्वत्वृत्ति प्राप्त गरी प्रारम्भ गरिएको कार्य सन्तोषजनक नठहराएमा जुनसुकै अवस्थामा पनि प्राज्ञ-परिषद्ले विद्वत्वृत्ति झिक्न सक्नेछ ।

(६) प्राज्ञ-परिषद्ले अन्यथा निर्णय गरेमा बाहेक विद्वत्वृत्तिबाट पाउने रकम विद्वत्वृत्तिमा तोकिएको अवधिसम्म हरेक महीनाको शुरूमा दिइनेछ ।

(७) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट विद्वत्वृत्ति प्राप्त गर्ने व्यक्तिहरूलाई तोकिएको विद्वत्वृत्ति बाहेक अन्य कार्यको निमित्त कुनै अर्को रकम दिइने छैन ।

(८) विद्वत्वृत्ति पाउने व्यक्तिले पूरा अवधि काम गर्नु पर्नेछ ।

(९) विद्वत्वृत्ति पाई तयार गरिएका कृतिहरू प्रकाशन गर्न नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानलाई कुनै बाध्यता हुने छैन ।

तर– नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले यस्ता कृतिहरू प्रकाशित गरेमा लेखकले लेखकस्व पाउनेछ ।

(१०) विद्वत्वृत्ति दिई गराइएको अनुसन्धानात्मक कृतिको एक प्रति विद्वत्वृत्ति समाप्त हुने दुई हप्ताअगाडि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा पेश गर्नु पर्नेछ ।

(११) नेपाली भाषा, साहित्य, कला, संस्कृति, ज्ञान-विज्ञानको सबै क्षेत्र समावेश हुने गरी विद्वत्वृत्तिको व्यवस्था गर्नु पर्नेछ ।

(१२) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्य, पदाधिकारी तथा कर्मचारीले यो विद्वत्वृत्ति पाउने छैन ।

२२. विविध:– (१) आजीवन सदस्यलाई महीनाको रू. ६००।- प्रदान गरिनेछ ।

(२) आजीवन सदस्यले श्री ५ को सरकारको कुनै तलबी जागीर पाएमा सो पदको अवधिभर उप-नियम (१) बमोजिमको रकम पाउने छैन ।

28

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर– यो नियम लागू हुनुअघि कुनै आजीवन सदस्यले सरकारी पदमा बसी दुबैतर्फको रकम खाइपाई रहेको छ भने यस नियमले त्यसमा बाधा पुऱ्याएको मानिने छैन ।

(३) कुलपतिका निजी सचिवले कुलपतिको र उप-कुलपतिका निजी सचिवले उप-कुलपतिको निर्देशन लिखित रूपमा लिई आदेश प्रमाणित गर्न सक्नेछन् ।

(४) संरक्षक श्री ५ महाराजाधिराजबाट समय समयमा खटाइबक्सेको व्यक्ति वा व्यक्तिहरूद्वारा प्रज्ञा भवनको रेखदेखको काम हुनेछ ।

(५) समय समयमा सञ्चालन गरिने कार्यक्रमको लागि प्रतिष्ठानले सांस्कृतिक एवं अन्य कार्यक्रमद्वारा अर्थ सङ्कलन गर्न सक्नेछ ।

२३. यो नियम लागू हुने:– यस नियममा व्यवस्था गरिए जतिका विषयमा यसै नियमबमोजिम हुनेछ । यो बाहेक अन्य कुनै काम–कारवाईका सम्बन्धमा प्रज्ञा-प्रतिष्ठान वा विभागद्वारा चलाइआएको परम्परा, कार्यप्रणाली र अधिका हुकुम भई आएका निकासा अनुसारको काम-कारवाई र व्ययहरू वैध मानिनेछन् ।

२४. खारेजी:– नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान नियम, २०२६ खारेज गरिएको छ ।

हुकुमबक्सेबमोजिम
कल्याणविक्रम अधिकारी
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

283

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

270

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।